**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल पुस १४ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७८" स्वीकृत गर्ने र सोको सूचना प्रदेश राजपत्रमा प्रकाशित गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची- २ मा यसै साथ संलग्न अनुसुची बमोजिम हेरफेर गरी सो को सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | “कर्णाली प्रदेश प्रसारण (पहिलो संशोधन) नियमावली, २०७८” स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | प्रचलित कानून बमोजिम कार्यान्वयन हुनेगरी कोभिड-१९ महामारी नियन्त्रणसंग सम्बन्धित बजेट देहाय बमोजिम बाँडफाँट/संशोधन/रकमान्तर गर्न स्वीकृति प्रदान गर्ने ।<br>क) मन्त्रालयमा एकमुष्ट रूपमा रहेको एम्बुलेन्स तथा शबवाहन खरिदको बजेटलाई विभिन्न अस्पतालहरूमा निम्न अनुसार बाँडफाँट गरी पठाउने<br>• एम्वुलेन्स खरिद गर्न प्रदेश अस्पताल सुर्खेत, स्वास्थ्य सेवा कार्यालय दैलेख, स्वास्थ्य सेवा कार्यालय जाजरकोट र स्वास्थ्य सेवा कार्यालय सल्यानमा प्रति अस्पताल रू. २० लाखका दरले जम्मा रू. ८० लाख<br>• शव वाहन खरिद गर्न स्वास्थ्य सेवा कार्यालय दैलेख, स्वास्थ्य सेवा कार्यालय कालिकोट, स्वास्थ्य सेवा कार्यालय सल्यान र स्वास्थ्य सेवा कार्यालय रूकुममा प्रति अस्पताल रू. १२ लाखका दरले जम्मा रू. ४८ लाख<br>ख) प्रदेश अस्पताल सुर्खेतको मेसिनरी औजार (अनलाइन युपिएस सिस्टम) खरिदको लागि रु ३८ लाख, प्रदेश जनस्वास्थ्य प्रयोगशाला सुर्खेतको लागि आवश्यक मेसिनरी औजार खरिदको लागि रू. २ करोड तथा पञ्चपुरी न.पा. सुर्खेतको कोभिड-१९ ब्यवस्थापकीय खर्चको लागि रू. १० लाख गरी जम्मा रू. २ करोड ४८ लाख बजेट उपलब्ध गराउने ।<br>ग) प्रदेश लेखा नियन्त्रक कार्यालय कालिकोटबाट म.ले.प. फा.नं. १२१ प्रमाणित भई आए अनुसार स्वास्थ्य सेवा कार्यालय कालिकोटको गत आ.व. को भुक्तानी बाँकीको लागि जम्मा |

| | |
|---|---|
| | रू.१ करोड ४८ लाख २३ हजार बजेट उपलब्ध गराउने<br><br>घ) स्वास्थ्य सेवा कार्यालय हुम्ला, प्रदेश अस्पताल सुर्खेत र गुर्भाकोट न.पा. सुर्खेतमा विभिन्न मेसिनरी औजार उपकरण खरिदको लागि मिति २०७८।०७।१० को माननीय मन्त्रीस्तरीय निर्णय अनुसार निम्न बमोजिम रकमान्तर भएको बजेटको कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदबाट अनुमोदन गर्ने ।<br>स्वास्थ्य सेवा कार्यालय हुम्लाः जेनेरेटर खरिद रू.२१ लाख ९५ हजार, हाईब्रिड इन्भर्टर रू.२ लाख २ हजार, टहरो निर्माण रू.२ लाख, जेनेरेटर इन्धन रू.३ लाख गरी जम्मा रू. २८ लाख ९७ हजार<br>प्रदेश अस्पताल सुर्खेतः स्पाइनल सर्जरीका लागि औजार उपकरण रू.२ करोड १६ लाख ७२ हजार, अटोमेटिक डिजिटल टर्निक्वेट रू.२३ लाख गरी जम्मा २ करोड ३९ लाख ७२ हजार<br>गुर्भाकोट न.पा. सुर्खेतः अक्सिजन प्लाण्टको लागि भवन निर्माण रू. २५ लाख<br><br>ङ) जिल्ला स्थित विभिन्न स्थानीय तहहरूमा कर्णाली प्रदेशबाट स्थापना भई संचालनमा रहेका ६६ सामुदायिक स्वास्थ्य एकाईहरूको लागि प्रति एकाई रू. ५ लाखका दरले जम्मा रू. ३ करोड ३० लाख सम्बन्धित स्थानीय तहलाई बजेट उपलब्ध गराउने । (सामुदायिक स्वास्थ्य एकाई संख्याः हुम्ला - २३, मुगु - ८, डोल्पा - ८, जुम्ला - ५ कालिकोट - ५, दैलेख - ५, सुर्खेत - ४, रूकुमपश्चिम - २, सल्यान - २, जाजरकोट - ४) । |
| सामाजिक विकास मन्त्रालय | भारतको मुम्वैमा सन् २०२० डिसेम्वर ५ देखि ८ सम्म संचालन भएको अन्तराष्ट्रिय पाँवरलिफ्टीङ प्रतियोगितामा स्वर्ण पदक प्राप्त गर्न सफल खेलाडी श्री श्रुती कार्की (वीरेन्द्रनगर - ६, सुर्खेत) लाई प्रोत्साहन स्वरुप रु २०००००।(दुई लाख मात्र) प्रदान गर्न सामाजिक विकास मन्त्रालयलाई स्वीकृति दिने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्‌को मिति २०७८ साल पौष २१ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | कर्णाली प्रदेश सभाको नवौं अधिवेशन मिति २०७८/९/२८ गते दिनको ३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखसमक्ष सिफारिश गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | इन्टर्नसिप तथा फेलोसिपको लागि प्राविधिक जनशक्ति छनौट सम्बन्धी कार्यविधि, २०७८ स्वीकृति गर्ने। |
| जलस्रोत तथा उर्जा विकास मन्त्रालय | १. साविक जलश्रोत तथा उर्जा विकास निर्देशनालय, सुर्खेतको नाम परिवर्तन गरी खानेपानी, सिंचाई तथा उर्जा विकास निर्देशनालय, सुर्खेत नामाकरण गर्ने ।<br>२. साविक जलश्रोत तथा उर्जा विकास कार्यालय जुम्ला, सल्यान, दैलेख, रुकुम-पश्चिम, जाजरकोट, कालिकोट, डोल्पा, हुम्ला र मुगुको नाम परिवर्तन गरी खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय जुम्ला, सल्यान, दैलेख, रुकुम-पश्चिम, जाजरकोट, कालिकोट, डोल्पा, हुम्ला र मुगु नामाकरण गर्ने । |
| भौतिक पुर्वाधार तथा सहरी विकास मन्त्रालय | कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ लाई स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | नेपाल स्वास्थ्य सेवाका सहायक पाँचौं तहदेखि अधिकृत नवौं/दशौं तहका स्वीकृत दरवन्दीमा रिक्त रहेका पदहरुमा सेवा करार लिने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल पुस २८ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| **प्रस्ताव पेश गर्ने मन्त्रालय** | **निर्णय** |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश प्रसारण (दोस्रो संशोधन) नियमावली, २०७८ स्वीकृति गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल माघ ०५ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री दलित आयआर्जन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने। |

**सम्वत् २०७८ साल माघ १२ गते बुधबार दिनको ४:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को** कार्यालय, कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतमा बसेको कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकको निर्णयहरु

| प्रस्ताव पेश गर्ने मन्त्रालय | प्रस्तावको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | एकीकृत वस्ती विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७८ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश मन्त्रिपरिषद्को प्रतिक चिन्ह स्वीकृत गर्ने सम्बन्धमा "यसैसाथ संलग्न आकृति बमोजिमको पित्तलको पृष्ठभूमिमा सबैभन्दा माथि निलो रङ्गको अर्धवृत्त, त्यसको ठिक तलपट्टी निलो रङ्गको अर्धवृत्ताकार अक्षरमा कर्णाली प्रदेश मन्त्रिपरिषद् लेखी त्यसको ठिक तल नेपालको राष्ट्रिय झण्डा, त्यसको तल निलो रङ्गमा नेपालको नक्सा र सो नक्साभित्र चाँदीको जलपयुक्त अङ्कित कर्णाली प्रदेशको नक्सा र त्यसको ठिक तल दायाँपट्टी पुरुषको हात र बायाँपट्टी महिलाको हात रहेको २५ मिलिमिटर व्यास भएको" प्रतिक चिन्ह स्वीकृत गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | हुम्ला जिल्लामा २०० (दुईसय) क्वीन्टल खाद्यान्न (चामल) ढुवानी गर्न स्वीकृति प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८" स्वीकृत गर्ने। । |
| सामाजिक विकास मन्त्रालय | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना गर्ने। |
| सामाजिक विकास मन्त्रालय | सरूवा रोग अस्पताल निर्माणका लागि जग्गा प्राप्ती गर्न सिफारिश गर्ने । |
| सामाजिक विकास मन्त्रालय | शवबाहन र एम्बुलेन्स खरिदको लागि बजेट उपलब्ध गराउने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल माघ २० गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्यमन्त्री महिला आय आर्जन कार्यक्रम सञ्चालन (पहिलो सशोधन) कार्यविधि २०७८ स्वीकृत गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारका पूर्व मुख्यमन्त्री माननीय महेन्द्र बहादुर शाहीलाई यातायात सुविधा (गाडी, चालक, इन्धन र मर्मत खर्च) प्रदान गर्ने । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०७८" लाई स्वीकृति प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (चौथो संशोधन कार्यविधि, २०७८" लाई स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | सामाजिक विकास मन्त्रालयमा रहेको कोभिड -१९ महामारी नियन्त्रण कार्यक्रममा विनियोजित बजेटबाट कर्णाली प्रदेश अन्तरगतका विभिन्न अस्पतालहरुलाई जम्मा रू. ८ करोड ४८ लाख बजेट उपलब्ध गराउने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल माघ २६ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयहरु |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश आर्थिक विधेयक, २०७८ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश विनियोजन अध्यादेश, २०७८ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | प्रदेश मेडिको लिगल सेवा समन्वय समिति गठन गर्ने । |
| सामाजिक विकास मन्त्रालय | कर्णाली प्रदेश खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०७८ प्रदेश सभामा पेश गर्न स्वीकृति गर्ने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल फागुन ४ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णय |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्य न्यायाधिवक्ताको आचारसंहिता, २०७८ स्वीकृत गर्ने। |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | व्यावसायिक कृषि तथा पशुपन्छी पालन व्यवसायको लागि ब्याज अनुदान कार्यक्रम (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल फागुन ११ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

<table>
<tr><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ साई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>गुर्भाकोट न.पा. २, सुर्खेतका नरेश विक्रम ढकाललाई माननीय मुख्यमन्त्रीको सामाजिक सल्लाहकारमा नियुक्त गर्ने र निजको सेवा सुविधा देहायबमोजिम हुने।
<table>
<tr><td>मासिक पारिश्रमिक</td><td>४९,०००।</td></tr>
<tr><td>यातायात सुविधा मासिक</td><td>४९,०००।</td></tr>
<tr><td>सञ्चार सुविधा मासिक</td><td>३,०००।</td></tr>
<tr><td>अतिथि सत्कार मासिक</td><td>१०,०००।</td></tr>
<tr><td>विजुली धारा पानी मासिक</td><td>२,०००।</td></tr>
<tr><td>आवास मासिक</td><td>२०,०००।</td></tr>
</table>
</td></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>कर्णाली प्रदेश विपन्नको घर निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ स्वीकृति गर्ने।</td></tr>
</table>

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल फागुन १८ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | **निर्णयहरु** |
| --- | --- |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | "कर्णाली प्रदेश आर्थिक कार्यविधि (दोस्रो संशोधन) ऐन, २०७८" कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने । |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल फागुन २५ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | हुम्ला जिल्ला, खार्पुनाथ गा.पा. ५ निवासी श्री जनक बहादुर शाहीलाई मासिक पारिश्रमिक रु. ४०,०००/- प्रदान गर्नेगरी माननीय मुख्यमन्त्रीज्यूको प्रेस सल्लाहकारमा नियुक्त गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ र अनुसूची-२ मा संशोधन गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०७८ लाई स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची हेरफेर गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७८ लाई स्वीकृती प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | तोकिएको शर्तको अधीनमा रही कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ मा भुक्तानी हुन बाँकी रकम विषयगत मन्त्रालयको चालु आर्थिक वर्षमा विनियोजित भएको खर्च हुन नसक्ने बजेट रकम समेतबाट व्यवस्थापन गर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई भुक्तानीको व्यवस्था मिलाउन स्वीकृति प्रदान गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल चैत्र २ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोग ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | दार्मा खोलाको बाढीका कारण मृत्यु भएका दार्मा गाउँपालिका वडा नं. ६ का दुर्ग बहादुर के.सी. को छोरी वर्ष ६ को रेखा के.सी. र छोरा वर्ष २ को मोहन के.सी. का नजिकका हकवालालाई प्रति मृतक एक/एक लाख रुपैयाँ राहत रकम उपलब्ध गराउन स्वीकृती प्रदान गर्ने। |
| आन्तरिक मामिला तथा कानून मन्त्रालय | सुर्खेत अस्पतालमा मृत्यु भएका कालिकोट जिल्ला तिलागुफा नगरपालिका वडा नं. ३ बस्ने कृष्ण हमालका नजिकका हकवालालाई दुई लाख रुपैयाँ राहत रकम उपलब्ध गराउन स्वीकृती प्रदान गर्ने। |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | कर्णाली प्रदेश सरकारका प्रवक्ताको काममा सहयोग गर्नका लागि ढकारी गा.पा. -३, अछाम निवासी श्री हृदयराज रिमाल (ना.प्र.प.नं. ६९१६५/१०२८०) लाई मासिक रु. ३०,२००/- (अक्षेरुपी रु. तीस हजार दुई सय मात्र) पारिश्रमिक प्रदान गर्ने गरी प्रेस सल्लाहकार नियुक्त गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल चैत्र ९ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ऋति फाउन्डेशन वीरेन्द्रनगर सुर्खेतलाई कर्णाली उत्सव कुडा कर्णालीका कार्यक्रम सञ्चालन खर्चमा सहयोग उपलब्ध गराउन बजेट व्यवस्थापन गरी आवश्यक बिल भरपाई लिई बढीमा रु १९८३६५०/- भुक्तानी दिन उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने। |
| सामाजिक विकास मन्त्रालय | एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०७८ स्वीकृत गर्ने। |
| सामाजिक विकास मन्त्रालय | एक विद्यालय एक स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल चैत्र २३ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | डोल्पा जिल्लामा निर्माण हुने जल विद्युत आयोजना जगदुल्ला हाइड्रो पावर कम्पनी लिमिटेड बानेश्वर, काठमाडौंबाट मिति २०७८।१२।०१ मा कर्णाली प्रदेश सरकारलाई कम्पनी ऐन, २०६३ बमोजिम उक्त कम्पनीको प्रवन्धपत्र अनुसार प्रदान गरिएको शेयर क्रम संख्या १०५४३५०१ देखि ११७१५००० सम्म जम्मा ११७१५०० कित्ता शेयर बापतको रकम रू. ११,७१,५०,०००/- उक्त कम्पनीको एभरेष्ट बैङ्क बानेश्वरस्थित चल्ती खाता नं. ००१००१००१०५२०२१४० मा कम्पनी ऐन २०६३ को दफा ५३ को उपदफा(२) बमोजिम दाखिला गरिदिनहुन अनुरोध भई आएकोमा, कर्णाली प्रदेश सरकारको कर्णालीमा निर्माण हुने ठुला विद्युत परियोजनामा शेयर साझेदारी गर्ने नीति तथा कार्यक्रम एवम् जनताको जलविद्युत (सञ्चालन र व्यवस्थापन) कार्यविधि २०७५ बमोजिम उपरोक्त जगदुल्ला हाइड्रोपावर कम्पनीको तर्फबाट कर्णाली प्रदेश सरकारलाई छुट्टाईएको ११७१५०० कित्ता शेयर स्वीकार गरी, शेयर बापतको रकम सम्बन्धमा अन्य शेयर होल्डरको योगदान वा शेयर वापत जम्मा भएको रकमको आधारमा समानुपातिक रुपमा शेयर रकम भुक्तानी गर्ने सुनिश्चितताको प्रतिवद्धता गर्ने र यस विषयमा पत्राचार, अभिलेख, शेयर प्राप्ती र शेयर बापतको रकम भुक्तानी लगायतका आवश्यक कार्यहरुको व्यवस्था जलश्रोत तथा उर्जा विकास मन्त्रालयले गर्ने। |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | रारा हाइड्रोपावर कम्पनीको मिति २०७८/११/१५ गतेको पत्रमा सरकार र प्राइभेट कम्पनीको साझेदारी लगानीका लागि अनुरोध भएको सम्बन्धमा दैलेख जिल्ला अपर पराजुली खोलामा २.१५ मे.वा. जलविद्युत आयोजनाका लागि आयोजना निर्माण सम्पन्न भई |

| | |
|---|---|
| | उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाईनमा जडान भई उत्पादित विद्युत प्रशारण लाईनमा प्रशारित भएपश्चात कर्णाली प्रदेश सरकारको लगानी बमोजिमको शेयर कायम हुनेगरी शेयर रकम बढीमा रु. पाँच करोडको सुनिश्चितताको प्रतिवद्धता गर्ने र यस सम्बन्धमा पत्राचार, अभिलेख एवम् बजेट लगायतको आवश्यक ब्यवस्था जलस्रोत तथा उर्जा विकास मन्त्रालयले गर्ने। |
| सामाजिक विकास मन्त्रालय | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ स्वीकृति |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७८ साल चैत्र २९ गते मंगलबारको बैठकबाट भएका निर्णयहरु**

<table>
<tr><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश भित्र वि.सं. २०७९ सालमा निम्न दिनहरुमा सार्वजनिक विदा दिने र सोको सूचना राजपत्रमा प्रकाशन गर्ने।
<table>
<tr><th>क्र.सं.</th><th>पर्व/दिवसहरु</th><th>मिति</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">धान दिवश</td><td>असार १५ गते बुधबार</td><td>प्रदेशका जुम्ला बाहेक ९ जिल्ला</td></tr>
<tr><td>चैत्र १२ गते आइतबार</td><td>जुम्ला जिल्लामा मात्र</td></tr>
<tr><td>२.</td><td>साउने संक्रान्ति तथा देउडा पर्व</td><td>साउन १ गते आइतबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>३.</td><td>साउन शुक्ल पञ्चमी (नाग पञ्चमी)</td><td>साउन १७ गते मंगलबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>४.</td><td>प्रदेश स्थापना तथा शहिद दिवस</td><td>भाद्र ४ गते शनिबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>५.</td><td>असोज शुक्ल पूर्णिमा (कोजाग्रत पूर्णिमा)</td><td>असोज २३ गते आइतबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>६.</td><td>चैत शुक्ल अष्टमी (चैते दशैं)</td><td>चैत १५ गते बुधबार</td><td>प्रदेशभर</td></tr>
<tr><td>७.</td><td>चैत शुक्ल नवमी (राम नवमी)</td><td>चैत १६ गते बिहिबार</td><td>प्रदेशभर</td></tr>
</table></td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>कर्णाली प्रदेश वन ऐन, २०७८" सम्वत् २०७९ साल वैशाख १ गते देखि लागु गर्ने र सो को सूचना प्रदेश राजपत्रमा प्रकाशित गर्ने।</td></tr>
<tr><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगवाट प्राप्त सिफारिस विवरण अनुसार आर्थिक वर्ष २०७९/०८० को लागि रु. ८० करोड रकम कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ४ को उपदफा (१) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा (३) बमोजिम वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहमा उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने।</td></tr>
</table>